संयुक्त राष्ट्रसङ्घीय

मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

# मैना सुनुवारको हिरासतमा यातना र मृत्यु

## सरोकारहरूको सङ्क्षेप

पुस २०६३



# मैना सुनुवारको हिरासतमा यातना र मृत्यु
## सरोकारहरूको सङ्क्षेप

पन्ध्र वर्षीया मैना सुनुवारलाई काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सन् २००४ फेब्रुअरीमा (शाही) नेपाली सेना (नेसे)को हिरासतमा यातना दिइएको र त्यहाँ उनको मृत्यु भएको भनिएको छ । उनको शव सो केन्द्रमै गाडिएको भनिएको छ, जहाँ नेसेका सदस्यहरूलाई संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनाको मिसनमा तैनाथ गर्नुभन्दा अगाडि तालिम दिइन्छ । मानवअधिकार दुर्व्यवहारका अन्य घटनाबारेमा जस्तै, उच्चायुक्तको कार्यालयले जिम्मेवारहरूलाई पूर्ण जवाफदेही बनाइनुपर्छ भनी निरन्तर वकालत गरेको छ र मैना सुनुवारलाई दिइएको भनिएको यातना र त्यसपछि भएको मृत्युका लागि न्याय खोज्न गरिएका प्रयासहरूको अभिलेख गरेको छ ।

सन् २००५ सेप्टेम्बरमा, तीव्र सार्वजनिक र अन्तर्राष्ट्रिय दबाबपछि, तीनजना नेसेका अधिकृतहरूलाई सैनिक अदालतसमक्ष ल्याइयो र मैना सुनुवारको शवको व्यवस्थापन गर्दा उचित प्रक्रिया अपनाउन विफल भएकोमा केवल ६ महिनाको कारागार सजाय दिइयो । धेरै अनुरोधका बाबजुद नेसेले यो सजाय दिलाउने अभियोगहरूको प्रकृति उच्चायुक्तको कार्यालयसमक्ष खुलासा गर्न, वा कोर्ट अफ इन्क्वायरी वा सैनिक अदालतसँग सम्बन्धित कुनै पनि दस्तावेजका प्रतिलिपिहरू यसलाई उपलब्ध गराउन एकनासले अस्वीकार गरेको छ । ती जिम्मेवारहरूको सुनुवाइ भइसकेको थियो भन्ने आधारमा जाहेरी दर्खास्त ( एफआईआर) दर्ता गरेपछि सुरु गरिएको प्रहरी छानबिनलाई सहयोग गर्न पनि यसले अस्वीकार गरेको छ । साथै, नागरिक अदालतमा अभियोजन गराउन सक्ने छानबिनलाई अगाडि बढाउन प्रहरी अनिच्छुक भएका छन् ।

यो मुद्दामा न्याय नगरिएको भन्ने उच्चायुक्तको कार्यालयको अडान छ । मैना सुनुवारलाई दिइएको भनिएको यातना र मृत्युबारे प्रहरीले, नेसेसँगको सहकार्यमा, पूर्ण छानबिन गर्नुपर्ने र जिम्मेवार भनिएका अधिकृतहरू तथा सैनिकहरूलाई स्वतन्त्र नागरिक अदालतसमक्ष ल्याउनुपर्ने यसको विश्वास छ ।

यो मुद्दामा प्रगतिको अभाव तथा नेसेको तर्फबाट देखिएको पारदर्शिताको अभाव, जसलाई तल अभिलेख गरिएको छ, ले उपचार खोज्दा मानवअधिकार उल्लङ्घनका पीडितहरू वा तिनका आफन्तहरूले अझै सामना गर्नुपरेका धेरै अवरोध चित्रित गर्दछन् । मानवअधिकार उल्लङ्घनमा संलग्न भएको आशङ्कामा सुरक्षाफौजका सदस्यहरूलाई जवाफदेही बनाउन सरकारको तर्फबाट देखिएको राजनीतिक इच्छाको अभावबारे पनि तिनले गम्भीर सरोकारहरू उठाउँछन् । यस्ता अभियोजनहरू पीडित र सुरक्षाबलका संस्थाहरू दुवैका लागि पारस्परिक रूपले लाभप्रद हुनेछन् र यसले नेपालमा कानुनी शासनमा विश्वासको पुनर्बहाली गर्न सघाउन पुऱ्याउनेछ भन्ने उच्चायुक्तको कार्यालयको विश्वास छ ।

### मैना सुनुवारको मृत्युबारे नेपाली सेनाले गरेका छानबिन

नेसेले आफ्नो छानबिन कहिले सुरु गऱ्यो भन्ने स्पष्ट नभए पनि मैना सुनुवारको मृत्युबारे अनुसन्धान गर्न नेसेले पहिले कोर्ट अफ इन्क्वायरी बोर्ड र त्यसपछि सैनिक अदालतको स्थापना गऱ्यो । २०६१ चैत १ गतेसम्ममा कोर्ट अफ इन्क्वायरी पूरा भएजस्तो देखियो र सैनिक अदालतले सन् २००५ सेप्टेम्बरमा आफ्नो फैसला जारी गऱ्यो । अनेकौं अनुरोधहरूका बाबजुद नेसेले कोर्ट अफ इन्क्वायरी बोर्ड र सैनिक अदालतसँग सम्बन्धित दस्तावेजका प्रतिलिपिहरू उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराउन विफल भएको छ । तर, अन्य स्रोतहरूबाट उच्चायुक्तको कार्यालयले एउटा दस्तावेज प्राप्त गरेको छ, जुन कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदन भएको देखिन्छ । यसले मैना सुनुवारको बीभत्स यातना र मृत्युको विवरणको वर्णन गर्दछ र यसले यस्तो दस्तावेज उच्चायुक्तको कार्यालयलाई सीधै उपलब्ध गराउन नेसेले गरेको अस्वीकृति दाबी गरिएजस्तो गोपनीयतासम्बन्धी मुद्दाहरूको कारणबाट नभएको, बरु दुर्व्यवहारको गाम्भीर्यलाई ढाकछोप गर्ने प्रयत्नको अङ्ग भएको सङ्केत गर्दछ ।

**कोर्ट अफ इन्क्वायरी**

उच्चायुक्तको कार्यालयले प्राप्त गरेको प्रतिवेदनको प्रतिलिपिले नेसेकर्मीहरूद्वारा मैना सुनुवारको यातनामा आफ्नो सहभागिता स्वीकार गरेका वक्तव्यहरूलगायत कोर्ट अफ इन्क्वायरी बोर्डका छानबिनहरू सङ्क्षेपिकृत गरेको छ ।

उक्त प्रतिवेदनका अनुसार, नेसेका अधिकृतहरूले मैना सुनुवारलाई काभ्रेपलाञ्चोक जिल्लाको उनको आफ्नो घरबाट २०६० फागुन ५ गते श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालमा लगे । सो तालिम केन्द्रमा तत्कालीन प्रमुख सेनानी बबी खत्री[१]को आदेशबमोजिम एक मिनेट ६-७ पटक पानीको एउटा ठूलो भाँडोमा मैना सुनुवारको टाउको डुबाउन आदेश दिने दुई सहसेनानीसहित सात नेसे अधिकृत र सैनिकको उपस्थितिमा उनलाई यातना दिइयो । प्रतिवेदनका अनुसार, सैनिकहरूले त्यसपछि उनका भिजेका हात र खुट्टामा चार-पाँचपटक करेन्ट लगाए; यातना डेढघण्टा जारी रह्यो र यसपछि उनलाई तालिम केन्द्रको परिसरमा भएको एउटा भवनमा थुनियो जहाँ उनलाई आँखामा पट्टी र हातमा हतकडी लगाएर छोडियो; उनले पछि वान्ता गर्न र मुखमा फिंज काढ्न थालिन् र चिकित्सकीय सहयोग आइपुग्नुभन्दा अगाडि उनको मृत्यु भयो । कोर्ट अफ इन्क्वायरी बोर्डले “यातना दिँदै सोधपुछ गर्ने क्रममा यातना सहन नसकी निजको मृत्यु भएको” र “अपरिपक्व, अदक्ष ढङ्गको यातनापूर्ण व्यवहार अमानवीय भएको” निष्कर्ष निकाल्यो ।

कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदनले मैना सुनुवारको यातनामा संलग्न अधिकृत र सैनिकहरूले यो मृत्युको ढाकछोप गर्न प्रयत्न गरेको पनि निष्कर्ष निकाल्यो । शवको पिठ्Ø"Fdf गोली हानिएको र यसलाई तालिम केन्द्रभित्र गाडिएको थियो । त्यसपछि उक्त तालिम केन्द्रका इन्चार्ज महासेनानीले नेसेको हिरासतबाट भाग्न खोज्दा मैना सुनुवारलाई गोली हानिएको भन्दै बनावटी प्रतिवेदन तयार गरे । कोर्ट अफ इन्क्वायरी बोर्डले “श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रबाट एक वर्ष अगाडि पठाइएको विवरणसँग ... कुनै हालतमा पनि सहमत हुन सक्ने अवस्था रहेन । उक्त तालिम केन्द्रका तत्कालीन निमित्त प्रमुख म. से. बबी खत्रीले हुँदै नभएको कुरालाई अतिरञ्जित तवरले कपोलकल्पित कुराहरू लेखी लेखाइ घटनाको झुठो विवरण ... पठाएको” भन्दै सो प्रतिवेदन ठाडै अस्वीकार गऱ्यो । कोर्ट अफ इन्क्वायरी बोर्डले महासेनानी बबी खत्री, सहसेनानी सुनिलप्रसाद अधिकारी र सहसेनानी अमित पुनविरुद्ध “सैनिक ऐनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने” सिफारिस पेश गऱ्यो ।

**नेपाली सेनाको सैनिक अदालतको परिणाम**

कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदन तयार भयो भनिएको भोलिपल्ट २०६१ चैत २ गते नेसेले आरोपित पीडकहरूलाई अदालतसमक्ष ल्याउन अगाडि बढ्ने भनी प्रेस विज्ञप्ति जारी गऱ्यो तर कोर्ट अफ इन्क्वायरी बोर्डले मैना सुनुवारको मृत्यु गल्ती थियो भन्ने निष्कर्ष निकालेको कुरा वर्णन गऱ्यो ।

६ महिनापछि, २०६२ असोज ११ गते, सैनिक अदालतले तीन अधिकृतलाई लापरबाही गरेकोमा दोषी पाएको र सोहीअनुसार सजाय दिएको कुरा नेसेले सार्वजनिक घोषणा गऱ्यो । २०६२ कात्तिक ३ गते उच्चायुक्तको कार्यालयले तत्कालीन प्रधानसेनापतिलाई एक पत्र लेखी मैना सुनुवारको मृत्युका लागि उत्तरदायित्व तोक्न तथा उचित ढङ्गले जिम्मेवारहरूलाई सजाय दिन सैनिक अदालत विफल भएको भनी चिन्ता व्यक्त गर्दै जवाफ पठायो । २०६२ मङ्सिर १९ गते, उच्चायुक्तको कार्यालयले कार्यरथी विवाकद्वारा सैनिक अदालतमा कारबाही चलाइएको र यसले तीन अधिकृतलाई “मानक कार्यविधि र आदेशहरू पालना नगरेकोमा” दोषी पाइएको पुष्टि गरेको एउटा पत्र प्राप्त गऱ्यो । पत्रअनुसार सैनिक अदालतले मैना सुनुवारको शव व्यवस्थापन गर्दा उचित कार्यविधि अपनाउन विफल भएकोमा उक्त तीन अधिकृतलाई ६ महिना कारावासको सजाय सुनायो । सैनिक अदालतले क्षतिपूर्तिबापत दुई सहसेनानीलाई

[१] कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदनबाट बबी खत्री, जो घटना भएको बखत प्रमुख सेनानी थिए, लाई कोर्ट अफ इन्क्वायरी बोर्डको प्रतिवेदन अन्तिम रूपमा आइन्जेलसम्ममा महासेनानीमा बढुवा गरिसकिएको देखिन्छ ।

रु २५,००० र महासेनानीलाई रु ५०,००० तिर्न आदेश दियो र उनीहरू क्रमशः एक र दुई वर्षसम्म बढुवाका लागि अयोग्य भएको फैसला सुनायो ।

उच्चायुक्तको कार्यालयले त्यसपछिको नेसेसँगको आफ्नो पत्राचारमा सैनिक अदालतका परिणाम पूर्ण रूपले अपर्याप्त थिए र तिनले सुरक्षाफौजद्वारा भावी आपराधिक कार्यहरू निरुत्साहित गर्न सक्ने संभावना कम थियो भन्ने अडान लिएको छ । उच्चायुक्तको कार्यालयले २०६२ कात्तिक ३ गतेको आफ्नो पत्रमा "शानेसेले पीडकहरूलाई न्यायसमक्ष उपस्थित गर्न सहयोग गर्न न्यायलयलाई सघाउने आशा" व्यक्त गऱ्यो । यो मुद्दाको नागरिक अदालतमा स्वतन्त्र छानबिन र अभियोजनका लागि उच्चायुक्तको कार्यालयले आफ्नो वकालतलाई जारी राख्दछ । दुर्भाग्यवश, यो बीचको वर्षमा, मैना सुनुवारलाई दिइएको भनिएको यातना र उनको मृत्युबारे उच्चायुक्तको कार्यालयका अनुसन्धानलाई सहयोग गर्न नेसे विफल भएको छ र यसले कहिलेकाहीँ सक्रिय बाधा पुऱ्याएको छ । नेसे प्रहरी छानबिनलाई सहयोग गर्न पनि विफल भएको छ ।

**<u>नेपाल प्रहरीलाई सहयोग गर्नमा नेपाली सेनाको विफलता</u>**

मैना सुनुवारको परिवारले २००५ नोभेम्बरमा उनको मृत्युको लागि जिम्मेवार भनी चार नेसेकर्मीको नाम तोकेर एउटा जाहेरी दर्खास्त दायर गऱ्यो - महासेनानी बबी खत्री, सेनानी निरञ्जन बस्नेत, सहसेनानी सुनिलप्रसाद अधिकारी र सहसेनानी अमित पुन । सुरुमा जाहेरी दर्खास्त दर्ता गर्न अनिच्छुक भए पनि नेपाल प्रहरीले अन्ततः २०६२ कात्तिक २७ गते सो दर्ता गऱ्यो । छानबिन सुरु भएयता नेसेले सोधपुछका लागि आरोपित अधिकृतहरूसँगको पहुँच नदिएर नेपाल प्रहरीलाई आफ्नो पूर्ण सहयोग उपलब्ध गराउन विफल भएको छ ।

काभ्रे जिल्ला प्रहरी कार्यालयले २०६२ मङ्सिर २१ गते तालिम केन्द्रका बलाध्यक्षलाई जाहेरी दर्खास्तमा नाम तोकिएका चार अधिकृतसँगको पहुँच प्रहरीलाई दिइयोस् भनी अनुरोध गर्दै लेख्यो । प्रहरी अनुरोध तथा उच्चायुक्तको कार्यालयले २०६३ वैशाख २१ गते प्रहरीलाई सहयोग गर्न नेसेलाई गरेको अनुरोधका बाबजुद नेसेले आरोपित अधिकृतहरूलाई नेपाल प्रहरीद्वारा आफ्नो फौजदारी छानबिनको क्रममा अन्तरवार्ता लिनका लागि आरोपित अधिकृतहरूलाई अझै उपलब्ध गराएको छैन ।

हालसम्मको नेसेबाट भएको असहयोगको सबैभन्दा स्पष्ट वक्तव्यमा नेसे कानुनी शाखाका सहायकरथी बि. ए. कुमार शर्माले २०६३ जेठ ८ गते सैनिक अदालतले फैसला गरेको हुनाले चार अधिकृतविरुद्ध "कारबाही गर्न न्यायोचित नहुने" भनी काभ्रे जिल्ला प्रहरी कार्यालयलाई लेखे । नेसेले उक्त पत्रमा यातनाको परिणामस्वरूप उनको मृत्यु नभएको बरु "लापरबाही, लहडबाजी र विवेकहीनतापूर्ण कारणबाट अपनाएको गलत प्रक्रिया एवं प्रविधि र निजको आफ्नै मानसिक दुर्वलताको कारणबाट" भएको उल्लेख गर्दै मैना सुनुवारलाई नै आफ्नो मृत्युका लागि आँशिक रूपले दोष लगाएको देखिन्छ । चार अधिकृतसँगको पहुँचका लागि अनुरोध गर्दै २०६३ जेठ २८ गते जिप्रका काभ्रेले लेखेको पत्रको जवाफमा २०६३ असार ५ गते पठाइएको पत्रमा नेसेले २०६३ जेठ ८ गतेको आफ्नो अडानलाई दोहोऱ्यायो । तैपनि, नेपाल प्रहरीका अनुसन्धानकर्ताहरूलाई, उच्चायुक्तको कार्यालयको साथमा, २०६३ असार १२ गते शव उत्खननको तयारीका लागि शव गाडिएको ठाउँमा चिनो लगाउन तालिम केन्द्रभित्र प्रवेश गर्न दिइयो, तर उच्चायुक्तको कार्यालयलाई अघिल्लो अवसरमा तालिम केन्द्रको पहुँच नदिइएपछि उच्चायुक्तको कार्यालयले प्रधानसेनापति र नेसेको मानवअधिकार शाखालाई एउटा पत्र लेखेपछि मात्र ( तल हेर्नुहोस्) ।

२०६३ कार्तिक २३ गते नेसेले सैनिक अदालतको निर्णयको प्रतिलिपिका लागि गरिएको औपचारिक अनुरोधका बाबजुद प्रहरीलाई सो दस्तावेज उपलब्ध गराउन पनि अस्वीकार गऱ्यो ।

## उच्चायुक्तको कार्यालयको काममा बाधा

सरकारसँग भएको सम्झौताको धारा १४ अनुसार[२], उच्चायुक्तको कार्यालयले नेसेको कोर्ट अफ इन्क्वायरी र सैनिक अदालतसँग सम्बन्धित दस्तावेजहरूका लागि घरीघरी अनुरोधहरू गरेको छ। उच्चायुक्तको कार्यालयले सैनिक अदालत र अन्य दस्तावेजहरूका लागि कार्यरथी प्रदिप प्रताप बम मल्ल, पूर्वप्रधानसेनापति प्यारजङ्ग थापा र नेसे मानवअधिकार शाखालगायतकालाई २०६२ साउन १३, २०६२ असोज १३, २०६२ कात्तिक ३, २०६२ पुष ८ र २०६३ असार १९ लिखित अनुरोधहरू गर्नुका साथै केही बैठकहरूमा मौखिक रूपमा भनेको छ। यी धेरै अनुरोधका जवाफमा नेसेले उच्चायुक्तको कार्यालयलाई सङ्क्षिप्त जानकारीमात्र उपलब्ध गराएको छ, र पीडकहरूका नाम, अभियोगहरूको सूची, वा सैनिक अदालतको निर्णयको पूर्ण पाठ उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराउन अस्वीकार गरेको छ। उच्चायुक्तको कार्यालयलाई तालिम केन्द्रमा यसले २०६३ असार १२ गते गरेको भ्रमणको क्रममा एउटा फाइलमा पहुँच उपलब्ध गराए पनि उक्त फाइलमा कोर्ट अफ इन्क्वायरी र सैनिक अदालतका कुनै दस्तावेजहरू समावेश थिएनन्। उच्चायुक्तको कार्यालयले २०६३ असोज ६ गते कार्यरथी, नेसे मानवअधिकार शाखाका प्रमुख तथा प्राड विवाकका प्रमुखसँग भेट गऱ्यो, जसले उच्चायुक्तको कार्यालयलाई कोर्ट अफ इन्क्वायरी र सैनिक अदालतका फाइलहरूमा पहुँच दिन अस्वीकार गरेको कुरालाई दोहोऱ्याए।

नेसेले सुरुमा उच्चायुक्तको कार्यालयलाई तालिम केन्द्रको परिसरभित्र मैना सुनुवार गाडिएको विश्वास गरिएको ठाउँमा विनाबन्देज पहुँच प्राप्त गर्न पनि दिएन। २०६२ चैत २४ गते उच्चायुक्तको कार्यालयले तालिम केन्द्रको भ्रमण गर्न खोज्दा उच्चायुक्तको कार्यालयका कर्मचारीहरूलाई पहुँच अस्वीकार गर्नुका साथै तत्कालीन अफिसर इन्चार्जले उनीहरूसँग खुला रूपले अशिष्ट व्यवहार गरे। तत्कालीन प्रधानसेनापतिलाई २०६३ जेठ ११ गते उच्चायुक्तले लेखेको पत्रमा विस्तृत रूपमा उल्लेख गरिएझैं उक्त तालिम केन्द्र संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापनामा नेसेकर्मीहरूको तैनाथीका लागि तयार गर्न स्थापना गरिएको तथ्यलाई हेर्दा उच्चायुक्तको कार्यालयलाई सहयोग गर्न निजले गरेको अस्वीकृति विशेषरूपले आपत्तिजनक थियो। नेसेले त्यसपछि यो "असमझदारी"बाट भएको दाबी गर्दै उच्चायुक्तको कार्यालयलाई लेख्यो। माथि भनिएझैं नेसेसँगको थप पत्राचारपछि उच्चायुक्तको कार्यालयले अन्ततः सो केन्द्रको भ्रमण गर्न सक्यो।

## मैना सुनुवारको यातना र हत्याको छानबिन गर्न रानजीतिक इच्छाको अभाव

काभ्रे जिल्ला प्रहरी कार्यालयले गरेका प्रयासहरूका बाबजुद मैना सुनुवारको मृत्युसम्बन्धी छानबिनलाई अगाडि बढाउन र जिम्मेवारहरूलाई अभियोजन गर्न सरकारको तर्फबाट राजनीतिक इच्छाको अभाव रहेको छ भनी उच्चायुक्तको कार्यालय चिन्तित छ। २०६३ साउन १ र भदौ २० को बीचमा काभ्रे जिल्ला प्रहरी कार्यालय (जिप्रका), काभ्रे जिल्लाका सरकारी वकिल (डीजीए), पाटनका पुनरावेदन सरकारी वकिल र महान्यायाधिवक्ताको कार्यालयको बीचमा "दोहोरो खतराको" (अर्थात्, सैनिक अदालतद्वारा सुनुवाइ भइसकेका उनीहरूलाई नागरिक अदालतद्वारा सुनुवाइ हुनसक्छ कि सक्दैन भन्ने) मुद्दाबारे कानुनी राय सम्बन्धमा शृङ्खलाबद्ध पत्राचार भयो। उच्चायुक्तको कार्यालयको जानकारीअनुसार सबैभन्दा पछिल्लो विकासक्रममा नेसेबाट आवश्यक दस्तावेजबेगर महान्यायाधिवक्ताले राय दिन नसक्ने कुरा डीजीएले काभ्रे जिप्रकालाई जानकारी गरायो। त्यसपछि काभ्रेको प्रहरीले दस्तावेजका लागि नेसेसँग सम्पर्क राख्न अनुरोध गर्दै अपराध अनुसन्धान विभागलाई पत्र लेख्यो। माथि जनाइएझैं, २०६३ कार्तिक २३ गते नेसेले आफूले सैनिक अदालतको निर्णयको प्रतिलिपि उपलब्ध गराउन नसकेको जवाफ दियो।

---

[२] "कार्यालयका कर्मचारीहरूलाई नेपालभित्र प्रवेश गर्ने, बाहिर जाने र देशभित्रै आवतजावत गर्ने स्वतन्त्रता हुनेछ। श्री ५ को सरकारले अधिकारप्राप्त अधिकारीहरूसँगको समन्वयमा निषेधित क्षेत्रहरूमा आवतजावतको स्वतन्त्रतालाई सहज बनाउने छ। कार्यालयको कार्यादेशबमोजिम प्रयोग गरिने आवतजावत गर्ने स्वतन्त्रतामा निम्नलिखित विशेषाधिकारहरू हुनेछन्: ... (घ) नेपाल अधिराज्यको संविधानले तोकेका र विशेषाधिकार प्राप्त सूचना संलग्न कागजातहरू बाहेकका कार्यालयका क्रियाकलापहरू सही ढङ्गले सञ्चालन गर्न आवश्यक पर्नसक्ने कागजात तथा सामग्रीमा पहुँच।" मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त र नेपाल अधिराज्यको सरकारबीच भएको संझौता (अप्रिल २००५)को धारा १४ को अनुच्छेद १ [जोड दिइएको]।

"दोहोरो खतरा"को मुद्दाबारे विभिन्न निकायहरूबीच भएको सञ्चारको आदानप्रदानले घटनाको छानबिनमा अनावश्यक र लामो ढिलाइ गरेकोमा उच्चायुक्तको कार्यालय गम्भीर रूपमा चिन्तित छ । यो घटनाको छानबिन र अभियोजनमा प्रगतिका लागि वकालत गर्न उच्चायुक्तको कार्यालयले गृहमन्त्रालय, नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयका वरिष्ठ अधिकारीहरूसँग भेट गरेको छ । माथि जनाइएझैं, नेसेका छानबिनहरूबाट एउटा स्वतन्त्र, पारदर्शी र पूर्ण जाँचबुझ हुन्छ भन्नेमा उच्चायुक्तको कार्यालयलाई विश्वास छैन । मुद्दाको प्रहरी छानबिन कार्यमा कानुनी अड्चनहरू छैनन् भन्ने महान्यायाधिवक्ताको कार्यालयसँग भएका आफ्ना बैठकहरूबाट उच्चायुक्तको कार्यालयले बुझेको छ । उच्चायुक्तको कार्यालयले गृहमन्त्रालयलाई २०६३ असार २३, साउन १९ र हालै असोज ११ गते तीनवटा पत्र लेखेको छ, जसमा उच्चायुक्तको कार्यालयले गृहमन्त्रालयलाई नेपाल प्रहरीलाई मैना सुनुवारको मृत्यु सम्बन्धमा आफ्नो छानबिनलाई अगाडि बढाउन "द्विविधाहीन निर्देशन" पठाउन अनुरोध गर्‍यो । उच्चायुक्तको कार्यालयले अहिलेसम्म यी चिट्ठीहरूको कुनै जवाफ पाएको छैन ।

२०६३ मङ्सिर १५ गते उच्चायुक्तको कार्यालयले जिप्रका काभ्रे र डीजीएका अधिकृतहरूसँग भेट गर्‍यो । प्रहरीले आफूले सेप्टेम्बर (भदौ-असोज)मा नेप्र प्रधान कार्यालयसँग मैना सुनुवारको शव उत्खननका निम्ति विधिविज्ञका लागि अनुरोध गरेको तर जवाफको पर्खाइमा रहेको कुरा बताए । काभ्रेको नेप्र र डीजीएले प्रहरी छानबिनलाई जारी राख्नमा अब कुनै बाधा नभएको तथा "दोहोरो खतराको" प्रश्नको समाधान नभए तापनि शव उत्खनन गर्न सकिने दाबी गरे ।

## निष्कर्ष र सिफारिस

मैना सुनुवारको मृत्युमा जवाफदेहीता प्रदान गर्न र भावी मानवअधिकार उल्लङ्घनहरू निरुत्साहित गर्न दुवैका लागि उचित किसिमले शव उत्खनन गर्ने कार्यलगायत निजामती अधिकारीहरूद्वारा मैना सुनुवारको मृत्युबारे गरिएका फौजदारी छानबिन पूरा गरिनु अति आवश्यक छ भन्ने उच्चायुक्तको कार्यालयले अडान राख्दछ । नेसे सैनिक अदालतको परिणामले गम्भीर अपराध र मानवअधिकार दुर्व्यवहारहरूका लागि सैनिक न्यायाधिकरणले नागरिक अदालतहरूको क्षेत्राधिकारलाई प्रतिस्थापन गर्न सक्दैन भन्नेमा जोड दिन्छ । उच्चायुक्तको कार्यालयले गम्भीर मानवअधिकार उल्लङ्घनबारेका मुद्दा सैनिक न्यायाधिकरणमा नभई नागरिक अदालतमा चलाइनुपर्ने अपरिहार्यता अन्तर्राष्ट्रिय मापदण्डहरूले चाहेको छ[३] भनेर नेसेको घरीघरी ध्यानाकर्षण गरेको छ ।

यस सङ्क्षेपमा वर्णित असहयोगको इतिहास र राजनीतिक इच्छाको अभाव देखिएजस्तो भए पनि मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई तिनले गरेका कार्यका लागि जवाफदेही बनाउन सरकार र सुरक्षाफौजलाई आफू गम्भीर रहेको नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायलाई देखाउन अझै पनि एउटा अवसर छ । यस सम्बन्धमा उच्चायुक्तको कार्यालय सिफारिस गर्दछ :

- नेसेले मैना सुनुवारको यातना र मृत्युसम्बन्धी नेपाल प्रहरीको आफनो छानबिनमा, जाहेरी दर्खास्तमा आरोपित पीडकहरू भनी नाम तोकिएका अधिकृतहरूसँग निर्वाध पहुँच प्रदान गर्ने, शव उत्खनन गर्ने प्रयोजनका लागि शव गाडेको ठाउँमा पहुँच र सो मुद्दासँग सम्बद्ध नेसेका सबै दस्तावेजमा पहुँचलगायत आफ्नो पूर्ण सहयोग तत्काल दिन ।

- नेसेले कोर्ट अफ इन्क्वायरी बोर्ड र सैनिक अदालतसँग सम्बन्धित दस्तावेजहरूलगायत उच्चायुक्तको कार्यालयले अनुरोध गरेका सबै दस्तावेज तत्काल उपलब्ध गर्न ।

---

[३] यी मापदण्डहरूलाई हालै मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोगद्वारा पुनःस्वीकृति प्रदान गरिएको छ :
"सैनिक न्यायाधिकरणहरूको क्षेत्राधिकार विशिष्ट रूपले सैन्यकर्मीहरूद्वारा भएका सैन्य कसुरहरूमा मात्र सीमित गरिनुपर्छ र यसमा मानवअधिकार उल्लङ्घनहरू समावेश गरिनुहुँदैन, जुन साधारण घरेलु अदालतहरू वा उपयुक्त भएमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधहरूमा अन्तर्राष्ट्रिय वा अन्तर्राष्ट्रियकृत फौजदारी अदालतको क्षेत्राधिकारअन्तर्गत पर्दछन् ।" (ई/सीएन. ४/२००५/१०२/Add. १ र माअआ प्रस्ताव २००५/८१ मा सिद्धान्त २९ हेर्नुहोस्)

- गृहमन्त्रालयले मैना सुनुवारलाई दिइएको भनिएको यातना र उनको मृत्युका सम्बन्धमा सबै सरकारी संस्थाहरू र नेसेको पूर्ण सहयोग लिएर शव उत्खनन गर्ने कार्यलगायत आफ्नो छानबिनलाई जारी राख्न नेपाल प्रहरीलाई तत्काल निर्देशन जारी गर्न ।

- अन्तर्राष्ट्रिय मापदण्ड तथा सर्वोत्तम अभ्यासहरूअनुसार शव उत्खनन गर्नेलगायत मैना सुनुवारको घटनासम्बन्धी नेपाल प्रहरीले पूर्ण छानबिन गर्न, जसले गर्दा उनको यातना र मृत्युका लागि जिम्मेवारहरूलाई समयमै न्यायसमक्ष ल्याइयोस् । उच्चायुक्तको कार्यालयले शव उत्खननमा सहयोग गर्न नेपाल प्रहरीलाई विधिमानवशास्त्रका विज्ञहरू उपलब्ध गराउने भनेको छ तर नेप्रबाट यसलाई अगाडि बढ्न सक्षम बनाउन अझै औपचारिक अनुरोध प्राप्त गर्न अझै बाँकी छ ।

सेप्टेम्बरमा उच्चायुक्तको कार्यालयका अफिसर इन्चार्जसँग भएको एउटा बैठकमा, प्रधानसेनापतिले उच्चायुक्तको कार्यालयलाई सम्बद्ध दस्तावेजमा पहुँच हुनेछ र मैना सुनुवारको मुद्दामा “न्यायले आफ्नो बाटो पूरा गर्नुपर्छ” भन्ने आश्वासनहरू दिएका थिए । यी आश्वासनहरू अनुरोध गरिएका सबै दस्तावेज उच्चायुक्तको कार्यालयलाई तत्काल उपलब्ध गराउने र नेसेले प्रहरी छानबिनका लागि विद्यमान अवरोधहरूलाई तत्काल हटाउने कार्यमा परिणत हुनेछन् जसबाट मैना सुनुवारको यातना र हत्यामा जिम्मेवारहरूलाई न्यायसमक्ष उपस्थित गराउन सकिन्छ भन्ने उच्चायुक्तको कार्यालयले आशा गर्दछ ।